# राष्ट्रिय विकास परिषद्
# समूह - ७

## श्रम तथा रोजगार प्रर्वद्धन, यूवा, शान्ति तथा पून : स्थापन, मानवअधिकार, यातायात व्यवस्था, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन

संयोजक- विश्वनाथ पाठक

प्रस्तुतकर्ता- एल.पि.सावा लिम्बु, पद्मा मोहनी माथेमा

# श्रम

- रोजगारलाई जनताको आधारभूत अधिकारको रुपमा लिई सो सम्वन्धमा विस्तृत नीति आउनु पर्ने ।
- नेपाल श्रमशक्ति सर्वेक्षण गर्ने । अनौपचारिक क्षेत्रमा कार्यरत श्रमजीविहरुलाई पहिचान गर्नुको साथै सोको अभिलेख स्थानिय निकायमा राखी परिचयपत्र दिने ।
- श्रमका विभिन्न क्षेत्रहरुको सर्वेक्षण र पहिचान गर्नुपर्ने, बेरोजगारहरुको लगत राखी बेरोजगार भत्ताको व्यवस्था गर्ने र श्रम सम्बन्धि सवै क्षेत्र समेट्ने गरी कानूनको तर्जुमा हुनुपर्ने ।
- बैदेशिक रोजगारमा जानेहरुको लागि अनिवार्य रुपमा करार अवधिभरको र अरु प्रकारका मृत्यु र दुर्घटनालाई पनि समेटने गरी विमाको व्यवस्था गर्ने । बैदेशिक रोजगारमा जाने न्यून आय भएकाहरुको लागि ऋणको व्यवस्था गर्ने ।
- उपयुक्त प्रशिक्षणको व्यवस्था गरी शिप र गुणस्तरयुक्त जनशक्तिलाई बैदेशिक रोजगारमा पठाउने ।

# श्रम

- विकसित राष्ट्रहरुमा समेत श्रमबजार खोजि गर्ने । वैदेशिक रोजगारमा गएका नेपालीहरुको सुरक्षाको लागि कुटनैतिक नियोगहरुको स्थापना र क्षमता अभिवृद्धि गर्ने ।
- बाह्य रोजगारीलाई क्रमिक रुपमा प्रतिस्थापन गर्दै लैजान स्वदेशमै रोजगार र स्वरोजगार अवसरहरुको खोजी गर्ने बाह्य भन्दा स्वदेशी श्रमको बजारको खोजि गर्नु पर्दछ ।
- श्रम बजारको आवश्यकता तथा श्रमशक्तिको आपूर्ति विच सामन्जस्यता मिलाई निर्यातयोग्य श्रमशक्तिलाई प्रर्वद्धन गर्दै लानुपर्ने ।
- कृषि श्रमिक, चिया बगान, रिक्सा चालक, लगायतका अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सम्बोधन गर्ने गरी श्रम कानून पूर्नलेखन हुनुपर्ने ।
- श्रमिकको जीवनयापनको लागि न्यूनतम श्रम मूल्य कायम गर्ने ।
- विदेशी श्रमिकहरुलाई प्रतिस्थापन गर्दै लैजाने नीति लिने र ध्यचप एभचकष्त को व्यवस्था गर्ने ।

# श्रम

- आन्तरिक तथा बाह्य श्रम सम्बन्धी व्यवस्थापनका लागि छुट्टै संस्थागत व्यवस्था गर्ने ।
- श्रमिकहरुको कार्यसम्पादनका क्रममा हुने दुर्घटना लगायतका जोखिम व्यवस्थापन गर्न एक छुट्टै कोषको व्यवस्था गर्ने ।
- श्रम आयोग र श्रम न्यायाधिकरण गठन गर्ने । बैदेशिक रोजगारका लागि बढी जनशक्ति जाने मुलुकहरुसँग श्रम सम्बन्धी सम्झौता गर्ने ।
- केन्द्रीय श्रम सल्लाहकार समितिलाई सुदृढीकरण गर्ने ।

# युवा

- युवाको परिभाषा र उमेर सम्बन्धमा विभिन्न प्रतिवेदनहरुमा फरक फरक अवधारणा देखिने गरेको सम्बन्धमा एउटै राष्ट्रिय परिभाषा स्पष्ट रुपमा आउनु पर्ने ।
- अन्तरिम संविधानमा यूवा सम्बन्धी भएको विशेष व्यवस्था अनुरुप राष्ट्रिय नीतिहरु आउनु पर्ने ।

# शान्ति तथा पूनःस्थापन

- अशान्तिको कारण र पहिचान गरी त्यसलाई सम्बोधन गर्ने । “अशान्तिको लागि शान्ति” कार्यक्रम  ल्याउनु पर्ने ।
- अन्तरिम संविधानको व्यवस्था अनुरुप
  माओवादी सेनालाई राष्ट्रिय सेनामा समायोजन व्यवस्थापन गरी
  अन्यलाई रोजगार उपलब्ध गराउनुपर्ने ।
- द्धन्द पिडितको अभिलेख तयार गरि सहयोग गर्नु पर्दछ । विस्थापितको हेरविचार, वेपत्ता भएकाहरुको खोजी गरी क्षतिपूर्ति एवं अवसर प्रदान गर्ने ।
- शहिदहरुको नाममा शान्ति पार्कहरुको निर्माण र शान्ति प्रवर्द्धन गर्न सहयोग पुग्ने खालका अन्य स्मारकहरु निर्माण गर्ने ।

# मानव अधिकार

- अन्तर्राष्ट्रिय मानवीय कानूनहरुको पालनाप्रतिको प्रतिवद्धता दर्शाइ मानवअधिकारलाई आधारपत्रमा प्राथमिकताका साथ उल्लेख गर्नु । कार्यान्वयन पक्ष सुदृढ गर्न संस्थागत सुदृढीकरण गर्नुपर्ने ।
- मानवअधिकारको लागि औपचारिक तथा अनौपचारिक शिक्षाका् व्यवस्था गर्नु पर्छ ।
- नेता, कार्यकर्ता, साँसद, मन्त्री, सबै व्यक्तिहरुलाई मानव अधिकारको शिक्षा दिनु पर्छ ।
- आधारपत्रमा मानवअधिकार सम्बन्धी प्रतिबद्धता सम्बन्धमा स्पष्टरुपमा उल्लेख गर्नु पर्छ ।

# मानव अधिकार

- दण्डहिनता, भ्रष्टाचार प्रति शून्य सहिष्णुताको नीति लिने ।
- जेल सुधार र हिरासतमा रहेकाहरुको मानव अधिकारको प्रत्याभूति हुनुपर्ने ।
- कानूनी शासन, सामाजिक न्यायमा आधारित पारदर्शी र जनउत्तरदायी प्रशासन यन्त्रको स्थापना गर्ने ।

# यातायात व्यवस्था

- बढी नेपालीले लगानी गरेको क्षेत्र तथा रोजगारी दिएको यस क्षेत्र लाई सरकारले ठोस योजना ल्याउनु पर्दछ ।
- राष्टिय राजमार्गलाई बन्द निषेध क्षेत्र घोषणा गरी सडक सुरक्षाको ग्यारेन्टी गरिनु पर्दछ र सिन्डिकेट प्रथाको अन्त गरी स्वस्थ प्रतिस्पर्धाको विकास गर्नु पर्छ ।
- आवागमनको आवश्यकता अनुसार गाडिलाई रुट पर्मिट र इन्धन कुपन दिने ।
- सार्वजनिक यातायात प्रणालीलाई प्राथमिकता दिई सोको उचित व्यवस्था गर्नु पर्छ ।
- रेलवे तथा रोपवे कुरा आउनु पर्‍यो ।

# यातायात व्यवस्था

- श्रम तथा यातायात मन्त्रालयलाई छुट्टै राख्नु पर्ने । यातायात व्यवस्थापनका साथै प्रणाली सुधारमा जोड दिने ।
- सवारी दुर्घटना न्यून गर्ने ठोस नीति ल्याउनुपर्ने र सवारी साधनको बृद्धिलाई सम्बोधन गर्ने नीति पनि ल्याउनुपर्ने ।

# कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

- सार्वननिक मूल्यांकन प्रणाली विकास गर्नु पर्दछ। मूल्यांकन प्रतिवेदनलाई व्यवहारमा ल्याउने ।
- जनता र सम्बद्ध समुदायको सहभागीता सुनिश्चता गर्नु पर्ने ।
- मन्त्रालयहरुमा कार्यान्वयन, अनुगमन र मूल्यांकनका एक अधिकृतलाई फोकल प्वाइन्ट तोकी जिम्मेवार बनाउने ।